छलफलका प्रस्ताव तथा निर्णयहरु :

१) यस गाउँ पालिकाको सदस्य नन्दराम वि.क. जिल्ला समन्वय समितिमा निर्वाचित हुनु भएकोमा वहाँको सफल कार्यकालको शुभकामना सहित वधाई ज्ञापन गर्ने निर्णय गरियो ।

२) मर्स्याङदी गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्था (बर्थिङ सेन्टर) मा २४ घन्टे प्रसुति सेवा सञ्चालन गर्न करार सेवामा ५ जना अनमी नियूक्ति गर्ने प्रयोजनका लागि १५ दिने सार्वजनिक सुचना सार्वजनिक गर्ने तथा उक्त कर्मचारी छनौटको लागि देहाय वमोजिमको छनौट समिति गठन गर्ने निर्णय गरियो ।

मर्स्याङदी गाउँपालिकाको अध्यक्ष - संयोजक

कार्यकारी अधिकृत - सदस्य

सम्वन्धित शाखाको प्रमुख - सदस्य

३) मर्स्याङदी गाउँपालिकामा एक गाउँ एक प्राविधिक कार्यक्रम अन्तर्गत करार सेवामा रा.प. द्धितिय श्रेणी (प्रा.) तह ना.प.से.प्रा. ना.प्र.स्वा.प्रा. पदमा कार्यरत कर्मचारीलाई जिल्ला पशुसेवा कार्यालय लमजुङको च.नं. ४८ मिति २०७४ ४ २२ मर्स्याङदी गाउँपालिकाबाट करार सम्झौता गरी काम काज लगाउने सम्वन्धि पत्र अनुसार निजहरुको म्याद २०७४ साउन १ गते देखि लागु हुने गरी थप गर्ने निर्णय गरियो ।

४) जिल्ला कृषि विकास कार्यालय, लमजुङको च.नं. ५५ मिति २०७४ ४ २५ पत्र अनुसार सो कार्यालयवाट करार नियूक्ति भएकी ना.प्रा.स. सिता कुमारी घलेलाई २०७४ साउन १ गते देखि लागु हुने गरी म्याद थप गर्ने निर्णय गरियो ।

५) मर्स्याङदी गाउँपालिका अन्तर्गत साविक गा.वि.स.हरुबाट करार सेवामा नियूक्त भई कार्यरत कार्यलय सहायक तथा कार्यलय सहयोगीहरुलाई साविककै सेवा शर्त र सुविधामा रहने गरी २०७४ साउन १ गते देखि लागु हुने गरी म्याद थप गर्ने निर्णय गरियो ।

६) मर्स्याङदी गाउँपालिकाका सम्पूर्ण वडाहरुमा वाल वालीका, यूवा तथा खेलकुद, महिला, अपाङग, बृद्धाहरुका वडा स्तरिय समिति र गा.पा. स्तरिय सञ्जाल गठन निम्नानुसारको प्रावधानहरुमा रहि गठन गर्ने निर्णय गरियो ।

प्रावधानहरु :

- वडा स्तरिय समिति - बढीमा ९ जना ।
- गा.पा.स्तरिय सञ्जाल - बढीमा १३ जना ।

➢ गठन गरिसक्नु पर्ने समयअवधि :

- वडा स्तरिय समितिहरु गठन २०७४ असोज मसान्त सम्म ।

- गा.पा.स्तरिय सञ्जाल गठन २०७४ कार्तीक मसान्त सम्म ।

- वडा स्तरिय समितिमा साबीकको सबै वडाहरुलाई समेट्नु पर्ने ।
- समिति समावेशी हुनु पर्ने । (महिला, पुरुष, दलित, जनजाती, अन्य र भूगोल र पदाधिकारी कम्तिमा १ जना अनिवार्य हुनु पर्ने)
- वडा समितिमा एक अध्यक्ष, एक उपाध्यक्ष, एक सचिव, एक कोषाध्यक्ष र अन्य सदस्य रहनु पर्नेछ ।
- गा.पा. स्तरिय सञ्जालमा एक अध्यक्ष, एक उपाध्यक्ष, एक सचिव, एक कोषाध्यक्ष, एक सह-सचिव र अन्य सदस्यहरु रहनेछ ।
- गा.पा.स्तरिय सञ्जाल सम्पूर्ण वडा स्तरिय समितिहरुको पदाधिकारीहरुको भेलाबाट गठन गर्ने र सम्पूर्ण वडा समितिका अध्यक्षहरु स्वत गा.पा. स्तरिय सञ्जालको सदस्य रहने व्यवस्था गर्ने र कुनै पनि वडाको पदाधिकारी गा.पा.स्तरिय सञ्जालमा चयन हुँदा रिक्त हुने पद सम्बन्धित वडा समितिले निर्णय गरि पदपूर्ति गर्न सक्नेछ ।
- बालबालीका समिति/ सञ्जालमा रहन उमेरको हद बढिमा १६ वर्षको हुनु पर्ने ।
- यूवा तथा खेलकुद समिति/ सञ्जालमा रहन उमेरको हद १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।
- महिला समिति/ सञ्जालमा रहन उमेरको हद २० वर्ष पुरा भई ६० वर्ष ननाघेको हुनु पर्नेछ ।
- वृद्धा समिति/ सञ्जालमा रहन उमेरको हद कम्तिमा ६० वर्ष पुरा भएको हुनु पर्ने ।
- अपाङ्गहरुको समिति/ सञ्जालमा रहनको निम्ति अनिवार्य रुपमा अपाङ्ग परिचय पत्र प्राप्त भएको हुनुपर्नेछ ।

७) हरेक टोल बस्तिहरुमा निम्नानुसारको प्रावधानहरुमा टोल सुधार समितिहरु गठन गर्ने निर्णय गरियो ।

प्रावधानहरु :

- समिति बढिमा ९ सदस्यीय बनाउने ।
- समितिमा एक अध्यक्ष, एक उपाध्यक्ष, एक सचिव, एक कोषाध्यक्ष र अन्य सदस्य रहनेछ ।
- टोल सुधार समिति गठनमा वडा समितिलाई विशेष कृयाशिल बनाईनेछ ।
- हरेक टोल बस्तिहरुमा कार्तीक मसान्त भित्र टोल सुधार समिति गठन गरि सकिनेछ ।

- हरेक टोल सुधार समितिहरु समावेशी हुनुपर्नेछ ।
- हरेक टोल सुधार समितिहरुको नामाकरण गरिनुपर्नेछ ।
- टोल सुधार समितिहरु भूगोल, जनसंख्याको आधारमा गठन गर्न सक्नेछ ।

८). गाउँ कार्यपालिकाका सदस्यहरुको लागि नेतृत्व विकास र व्यवस्थापकीय क्षमता अभिवृद्धि सम्वन्धि तालिम आयोजना गर्ने निर्णय गरियो ।

९) फोहोर मैला व्यवस्थापनको लागि मर्स्याङदी - ८, हामखोला दोभान नजिकको बगरमा एक ल्याण्ड फिल्ड साईट निर्माण गर्ने निर्णय गरियो । सो ल्याण्ड फिल्ड साइटको निर्माण र व्यवस्थापनको निम्ति भुलभुले स्थित सिनोहाइड्रो सगरमाथा पावर कम्पनि प्रा.लि. लगायत अन्य संघ संस्थाहरु सँग आवश्यक समन्वय र साझेदारीको निम्ति पहल गर्ने निर्णय गरियो ।

१०) मर्स्याङदी गाउँपालिका - ३ स्थित खुदी स्वास्थ्य चौकीको माताहातमा रहने गरी एम्वुलेन्स सेवा उपलब्ध गराउने निर्णय गरियो । सोका लागि विभिन्न संघ सस्थाहरु सँग आवश्यक समन्वय र माग गर्ने निर्णय गरियो ।

११) सिपमूलक तालिम उपलब्ध गराई रोजगारी सिर्जना गर्ने उद्धेश्यका साथ यस गाउँपालिकाको विभिन्न वडाहरुवाट ७५ जना यूवाहरु छनौट गरि कारपेन्टर, वयल्डर र स्टिल फिक्स्चरको ३ समुहमा विभाजन गरि गैरी क्याम्पस सँग सम्झौता गरि ३ महिने तालिम उपलब्ध गराउने निर्णय गरियो ।

१२) यस गाउँपालिकाको वडा नं. २ र ८ मा स्वास्थ्य चौकी नभएकोले स्वास्थ्य चौकी स्थापनाको लागि नेपाल सरकार, स्वास्थ्य मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

१३) गाउँपालिकाको पूर्व बैठकहरुको निर्णय अनुसार यस आ.व.मा तयार गर्ने भनिएको गुरु योजना, गाउँपालिकाको प्रोफाइल, वृत्तचित्र लगायत अन्य विविध विषयहरुमा परामर्श दाता संस्थाहरु, विज्ञहरु र विभिन्न विषयगत विभागहरु र मन्त्रालयहरु सँग प्रारम्भिक छलफल गर्न र योजनाको तयारीका लागि भदौ ५ गते अध्यक्ष अर्जुन गुरुङको नेतृत्वमा गाउँ पालिका प्रोफाईल तयारी समितिका संयोजक एवं उपाध्यक्ष होम वहादुर वि.क., वृत्त चित्र निर्माण समितिको संयोजक प्रेम वहादुर वस्नेत र कार्यकारी अधिकृत धर्म राज लम्साल काठमाण्डौ जाने निर्णय गरियो ।

**विविध :**

१. योङ स्टार स्पोर्ट क्लव, वाहुनडाँडाको तिज कार्यक्रम वारे प्राप्त निवेदनको आधारमा उक्त कार्यक्रमको लागि रु. २५,०००।- उपलब्ध गराउने निर्णय गरियो ।